# एसिड आक्रमणमा परेका पीडितहरुको उपचार सम्बन्धी कार्यविधी, २०७८

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाण्डौं

यो कार्यविधी २०७८/०२/३१ देखि लागू भएको हो।



Scanned with CamScanner

**एसिड आक्रमणमा परेका पीडितहरुको उपचार सम्बन्धी कार्यविधी, २०७८**

प्रस्तावना: नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७७/५/२९ को आदेश अनुसार एसिड आक्रमणमा परेका पीडितहरुको निःशुल्क स्वास्थ्य उपचार सम्बन्धमा संयोजन तथा सहजीकरण गर्नको लागि यो आन्तरिक कार्यविधी तयार गरि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधीको नाम "एसिड आक्रमणमा परेका पीडितहरुको उपचार सम्बन्धी कार्यविधी, २०७८" रहेको छ ।

(२) यो कार्यविधी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मन्त्रिस्तर) बाट स्विकृत भएको मितिदेखि लागू हुनेछ । तर उपचारको सोधभर्ना सम्बन्धमा २०७७/५/२९ गते नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय पश्चात उपचार गरेको रकम सोधभर्ना दिइनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "एसिड" भन्नाले मानव अङ्ग, जीवजन्तु, वा अन्य जैविक वा गैरजैविक वस्तुलाई जलाउने, घातक क्षति पुर्याउने वा अन्य कुनै किसिमले गम्भीर असर पुर्याउने रसायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले नाइट्रिक एसिड, सल्फुरिक एसिड र हाइड्रोक्लोरिक एसिड तथा नेपाल सरकारले सूचना प्रकाशन गरि तोकेको घातक तथा ज्वलनशील (अल्काली) रसायनिक पदार्थलाई समेत जनाउँछ ।

(ख) "एसिड आक्रमण" भन्नाले कुनै पनि व्यक्तिले असर पुर्याउने नियतले एसिड प्रहार गर्नु भन्ने बुझाउछ ।

(ग) "पीडित" भन्नाले एसिडको आक्रमणबाट कुनै पनि किसिमको क्षति भएको प्रकृतिको व्यक्तिलाई सम्झनुपर्दछ ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(घ) "क्षति" भन्नाले प्रत्यक्ष परिणाम स्वरुप पीडितको शारीरिक वा मानसिक स्वास्थ्य वा शारीरिक सौन्दर्य माथि प्रतिकूल प्रभाव पार्ने क्षति सम्झनुपर्दछ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले प्रतिकारात्मक, प्रवर्दनात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवा प्रदान गर्ने सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्था सम्झनुपर्दछ ।

(च) "तोकिएको स्वास्थ्य संस्था" भन्नाले एसिडको आक्रमणबाट पीडितहरुको उपचारका लागि अनुसूची १ बमोजिम तोकिएका अस्पतालहरुलाई सम्झनुपर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्दछ ।

ज) "विभाग" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभाग सम्झनुपर्दछ।

## परिच्छेद २

## पीडितहरुलाई औषधी उपचार

**३. प्राथमिक तथा आकस्मिक उपचारः** (१) पीडितले कुनै पनि स्वास्थ्य संस्थामा सेवा लिन आएमा अनिवार्य रुपमा यथाशिघ्र निःशुल्क प्राथमिक तथा आकस्मिक उपचार प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्दा लागेको खर्च नेपाल सरकारले सम्बन्धित स्वास्थ्य संस्थालाई सोधभर्ना दिईनेछ। सो उपचार बापत लागेको खर्चको बिल भर्पाइमा उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था प्रमुखले अनुसूची २ बमोजिमको ढाचाँमा प्रमाणित र सिफारिस गरि पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उपचार गरिसकेपछि आवश्यकता अनुसार थप उपचारको लागि प्रेषण पुर्जा भरि तोकिएको (डेडिकेटेड) स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(४) उपचार गर्ने कार्यमा सहयोग गर्ने तथा अस्पताल पुर्याउने कार्य प्राथमिकताका साथ सबैले सहयोग गर्नुपर्नेछ ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाण्डौ

(५) एसिड आक्रमणमा परेको पीडितहरुको उपचारको लागी अस्पतालहरु आवश्यकता अनुसार थप/घट गर्न सकिनेछ ।

**४. उपचार गर्नुपर्नेः** (१) नेपाल सरकारद्वारा पीडितको उपचारको लागि तोकिएका स्वास्थ्य संस्थाहरुले अनिवार्य रुपमा तुरुन्तै उपचार गर्नु पर्नेछ । कुनै विशिस्टिकृत सेवा आवश्यक भएमा डेडिकेटेड अस्पतालले सम्पूर्ण विवरण सहित सेवा पाउने अन्य अस्पतालमा प्रेषण गर्नु पर्नेछ ।

(२) उपचार गर्दा लाग्ने सम्पुर्ण खर्च नेपाल सरकारले सम्बन्धीत स्वास्थ्य संस्थालाई शोधभर्ना भुक्तानी गर्नेछ ।

(३) कस्मेटीक उपचार वाहेकको अन्य एसिड आक्रमणसँग सम्बन्धीत सम्पुर्ण आवश्यक उपचार तथा औपधी खर्च नेपाल सरकारले आजीवन व्यहोर्ने छ ।

(४) स्वास्थ्य संस्थाहरुले पीडितको उपचार सेवा र बिरामीको अवस्था अनुसार उपयुक्त शैयांमा राखेर गर्नुपर्नेछ ।

५. प्रहरीबाट आएको प्रतिवेदनको आधारमा उपचारको लागि सिफारिस गरेको सम्झनुपर्दछ ।

## परिच्छेद ३

## सोधभर्ना भुक्तानी दिने प्रक्रिया

**६. भुक्तानी प्रक्रियाः** (१) अस्पताल तथा स्वास्थ्य संस्थाहरुले सबै पीडितहरुको उपचार सम्बन्धमा अनुसूची २ बमोजिम अभिलेख प्रतिवेदन तयार गरि अनुसूची ३ बमोजिमको ढाचामा प्रत्येक महिनाको ७ गते भित्र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखामा निवेदन दिनुपर्नेछ । उक्त प्रतिबेदन अध्ययन, बिश्लेषण तथा रुजु गरी सोधभर्नाको लागी भुक्तानी सिफारिस समिति समक्ष पेश गर्नेछ ।

(२) उपचार खर्च सम्बन्धित अस्पतालको सेवा शुल्क अनुसार सोधभर्नाको लागि माग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सोधभर्ना भुक्तानी माग गर्दा स्वास्थ्य संस्था प्रमुख र उपचारमा संग्लन स्वास्थ्यकर्मी/चिकित्सकबाट अनुसूची २ को ढाँचामा प्रमाणित गरि सिफारीस साथ पठाउनु पर्नेछ ।

(४) डेडिकेटेड अस्पतालसम्म आउदा लाग्ने एम्बुलेन्स सेवा बापतको खर्च प्रेषण गरि पठाउने



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

स्वास्थ्य संस्था मार्फत नै सोधभर्नाका लागि पठाउनु पर्नेछ । सम्भव भएसम्म अस्पतालको एम्बुलेन्स नै प्रयोग गर्नुपर्नेछ ।

(५) एसिड पीडितहरुले आजीवन लगाउनुपर्ने मल्हम हरेक ६ महिनाको लागी डेडिकेटेड अस्पतालले प्रदान गर्नुपर्नेछ ।

(६) पीडित अस्पतालमा रहदा सम्म पीडित र उहाँको १ जना कुरुवालाई दैनिक खानाको लागि रु २०० को दरले प्रति व्यक्ति प्रतिदिन ३ पटक गरि उक्त अस्पतालको क्याटिनको बील भर्पाइ रुजु गरी अस्पतालले भुक्तानी दावी गर्नुपर्नेछ ।

**७. भुक्तानी सिफारिस समितिः** (१) सोधभर्ना सिफारिसका लागि देहाय बमोजिमको भुक्तानी सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| १) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | अध्यक्ष |
| २) निर्देशक, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| ३) प्रमुख, आर्थिक प्रशासन शाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| ४) प्रमुख, कानून शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ५) निर्देशक, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य सचिव |

(२) भुक्तानी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

८. यस समितिको सिफारिश पश्चात नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाले नेपाल सरकारले एसिड आक्रमणमा परेका पिडीतलाई उपचार गर्न भनि विनियोजन गरेको कोषबाट सोधभर्ना भुक्तानी दिईनेछ ।

**९. अभिलेखन तथा प्रतिवेदनः** प्रत्येक पीडितहरुको औषधी उपचार सम्बन्धि विवरण महाशाखा र अस्पतालले दुरुस्त राख्नु पर्नेछ ।

अनुसूची १

एसिड आक्रमण पिडीतहरुलाई उपचार गर्न नेपाल सरकार मन्त्रिपरिषद (मिति २०७७/५/२९)को निर्णय अनुसार तोकिएका अस्पतालहरु (आ.व. २०७७/७८ को लागि)

१. त्रि.वि शिक्षण अस्पताल, काठमाण्डौ

२. वीर अस्पताल, काठमाण्डौ

३. पाटन अस्पताल, ललितपुर

४. कीर्तिपुर अस्पताल, कीर्तिपुर, काठमाण्डौ।

अनुसूची २

## उपचार सेवाको प्रतिवेदन फारम

अस्पतालको नाम:
आर्थिक वर्ष:
बिरामीको नाम:
लिङ्ग:
उमेर:
ठेगाना:
खर्चको विवरण
उपचार गर्दा लागेको जम्मा खर्च:
औषधी शुल्क बापतको जम्मा खर्च:
संग्लन बिलहरु
१...............................
२...............................
३...............................

**एसिड आक्रमण पीडितको उपचारमा भएको खर्चको विवरण**

| क.स. | सेवाको किसिम | खर्चको विवरण | कैफियत |
|---|---|---|---|
| १ | टिकट र दर्ता | | |
| २ | प्रयोगशाला सेवा | | |
| ३ | Radiology सेवा | | |
| ४ | औषधी | | |
| ५ | OT procedures | | |
| ६ | Bed Charge | | |
| ७ | एम्बुलेन्स सेवा | | |
| ८ | अन्य .... | | |
| | जम्मा | | |

**तयार गर्ने**

दस्तखत

नाम

पद

**सिफारिस गर्ने (उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मी)**

दस्तखत

नाम

पद

**प्रमाणित गर्ने (स्वास्थ्य संस्था प्रमुख)**

दस्तखत

नाम

पद

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

## अनुसूची ३

### अस्पतालले सोधभर्नाको लागि दिने निवेदनको ढाचाँ

श्रीमान महानिर्देशकज्यू,

स्वास्थ्य सेवा विभाग

टेकु, काठमाण्डौं ।

**विषयः उपचार खर्च सोधभर्ना भुक्तानी उपलब्ध गराईदिने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा जिल्लाः..........................पालीका.....................वडा नं.................. टोल..........स्थायी ठेगाना भई हाल........................बस्दै आइरहेको श्री....................................को म/पु/तेस्रो लिङ्ग ............वर्ष.....................मिति ..................गतेका दिन एसिड आक्रमणमा परि मिति...........................देखि ............................सम्म यस अस्पतालमा उपचार गराईरहेको जानकारी गराउँदछु । उपचार गराउदाँ लागेको रु.........................रकम खर्च भएको समेत जानकारी गराउदैं, उक्त रकम सोधभर्नाको गराईदिन हुन अनुरोध गर्दछु । साथै खर्चको सम्पूर्ण विवरण र आवश्यक कागजातहरु पनि यसै साथ संग्लन गरेको व्यहोरा पनि जानकारी गराउँदछु ।

निवेदक

.............

संलग्न दस्तावेजहरु

१. एसिड आक्रमण पिडित भनि प्रहरीको सिफारिस पत्र
२. उपचार सम्वन्धि अस्पतालको पुर्जी र कागजातहरु
३. खर्च भएको विल भरपाईहरु
४. खानाको सम्वन्धमा क्यान्टिनको विल भरपाईहरु
५. अन्य ....